आज मिति २०७४ माघ १२ गते, शुक्रवारका दिन बिहान ठिक ८.०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा २२ औं बोर्ड बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :-

| हस्ताक्षर | | पदाधिकारी |
|---|---|---|
| १. नगर प्रमुख श्री मोहन बस्नेत | - | अध्यक्ष |
| २. नगर उप-प्रमुख श्री बसन्ती तामाङ (डंगोल) | - | सदस्य |
| ३. १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | - | सदस्य |
| ४. २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | - | सदस्य |
| ५. ३ नं. वडाका वडा अध्यक्ष श्री नानी बाबु बस्नेत | - | सदस्य |
| ६. ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खड्का | - | सदस्य |
| ७. ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | - | सदस्य |
| ८. ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | - | सदस्य |
| ९. ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | - | सदस्य |
| १०. ८ नं. वडाका वडा अध्यक्ष श्री राज कुमार लामा | - | सदस्य |
| ११. ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | - | सदस्य |
| १२. दलित वा अल्पसंख्यक सदस्य श्री रमा पहरी | - | सदस्य |
| १३. दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा पोडे | - | सदस्य |
| १४. दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | - | सदस्य |
| १५. महिला सदस्य श्री लक्ष्मी भण्डारी | - | सदस्य |
| १६. महिला सदस्य श्री कविता खत्री | - | सदस्य |
| १७. महिला सदस्य श्री शारदा आचार्य | - | सदस्य |
| १८. महिला सदस्य श्री निर्मला मंग्राती | - | सदस्य |
| १९. महिला सदस्य श्री मिना मगर | - | सदस्य |
| २०. प्रमुख प्रशासकीय अधिकृत श्री सुशीला पौडेल (ढकाल) | - | सदस्य सचिव |

आमन्त्रित :-

| | | |
|---|---|---|
| २१. श्री विष्णु बहादुर के.सी. | - | लेखा अधिकृत |
| २२. श्री मनोज बुढाथोकी | - | सिभिल इन्जिनियर |
| २३. श्री सुरोज श्रेष्ठ | - | कम्प्युटर अपरेटर |

प्रस्तावहरु :
१) निजी जग्गा व्यवस्थापन सम्बन्धमा ।
२) विविध

१) निजी जग्गा व्यवस्थापनका सम्बन्धमा कार्यबिधी तयार गर्नका लागी ७ नं वडा अध्यक्ष हरि प्रसाद तिमल्सेनाको अध्यक्षतामा ३ नं वडा अध्यक्ष नानी बाबु बस्नेत, ६ नं वडा अध्यक्ष शंकर मान महर्जन, ९ नं वडा अध्यक्ष अमृका बलामी र प्राबिधिक ईन्जिनियर सदस्य सचिब रहने गरी समिति गठन गर्ने । समितिले आवश्यक देखेको अन्य व्यक्तिलाई समेत आमन्त्रण गर्न सक्नेछ । खानी उधोगहरु एवं निजी जग्गा व्यवस्थापन सम्बन्धमा १ देखी ९ वडाका वडा अध्यक्ष र सबै कार्यपालिकाका सदस्यहरुको अनुगमन समिति गठन गर्ने ।

२) मिति २०७४/१०/१४ गते हुन लागेको नगर कप फुटबल प्रतियोगिताको लागी प्रत्येक वडालाई २०,०००/- नगरबाट प्रदान गर्ने र नगरसभाबाट निर्णय भए बमोजिम प्रत्येक वडाबाट भएको आम्दानीको २०% सम्बन्धित वडामा नै खर्च गर्ने व्यवस्था मिलाउने भए अनुरुप सोही रकमबाट कट्टी हुने गरी थप रु१०,०००/- दिने ।

३) वडा नं ४ मा निर्माण हुदै आएको सार्वजनिक शौचालय निर्माणको लागी रु३,००,०००/-छुट्टाईएकोमा ल. ई गर्दा रकम बढन आएको हुदाँ उक्त योजनालाई क्रमागत योजनाको रुपमा राख्ने ।

४) राजश्व परामर्श समितिले पेश गरे बमोजिम नगरपालिकामा कम्पनीको सुची दर्ता वा ईन्जिनियर दर्ता हुदाँ लाग्ने शुल्क रु५०००/- तोक्ने र नगरसभाबाट अनुमोदन गराउने ।

५) वडा नं ६ को ई छे गल्ली ढुङ्गा सोलिङ्गको लागी रु३,००,०००/- बिनियोजन भएकोमा उक्त रकम सिं छे गल्ली पालासि देखी शुरेश बाजेको घर सम्माको बाटो वाल निर्माण तथा ढुगां सोलिङ्ग गर्नका लागी रकमान्तर गर्ने।

६) वडा नं ८ को चोभु दलित बस्ती गोरेटो छाप्ने कार्यक्रम संचालन गर्न रु१,००,०००/- र चोभु दलित बस्ती मोटर बाटो निर्माण कार्य तथा भण्डार खर्क बरपिपल चौर संरक्षण कार्यकमको लागी रु१,००,०००/- बजेट विनियोजन भएकोमा उक्त शिर्षक परिर्वतन गरी नाम्चे घाटेपाटी निर्माण कार्यमा रकमान्तरण गर्ने ।